# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस १० गते, २०८२ साल (संख्या ५२

## भाग ३

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४९ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. अनुसूची-१ को खण्ड (च) को उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छ :-

"(२क) पहाडी क्षेत्रमा १ देखि २० मेगावाटसम्म र तराई क्षेत्रमा १ देखि १५ मेगावाटसम्म क्षमता भएको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अनुसूची-२ को खण्ड (च) को उपखण्ड (७) को देहाय (क) को सट्टा देहायको देहाय (क) राखिएको छ :-

"(क) पहाडी क्षेत्रमा २० भन्दा बढी ५० मेगावाटसम्म र तराई क्षेत्रमा १५ भन्दा बढी ४० मेगावाटसम्म क्षमता भएको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,"

**आज्ञाले,**
**डा. महेश्वर ढकाल**
**नेपाल सरकारको निमित्त सचिव।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।